का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ असोज २०८१,
मंगलबार
17 September, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २१७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

### संसदीय छानबिनको ठहर
# सहकारीको रकम अपचलनमा रवि पनि जिम्मेवार



...निज सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानून बमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

सहकारीको रकम अपचलन र दुरुपयोगको सम्बन्धमा अध्ययन गर्न गठित संसदीय छानबिन विशेष समितिले सहकारीको रकम अपचलनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको संलग्नता रहेको पुष्टि गरेको हो ।



छानबिन समितिमा रहेका पाँच पार्टीहरु एकैतिर फर्किएर छानबिन गरिएको छ ।

■ **सूर्य थापा**
**सभापति**
**संसदीय छानबिन विशेष समिति**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन प्रतिनिधि सभामा पेस भएको छ ।

सोमबार प्रतिनिधि सभा बैठकका समिति सभापति सूर्यबहादुर थापाले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी छानबिन प्रतिवेदन पेस गरेका हुन् ।

विभिन्न सहकारीहरूको बचत रकम अपचलन भएको भन्दै प्रतिनिधि सभामा प्रश्न उठेपछि त्यसमाथि छानबिन गर्न प्रतिनिधि सभाले २०८१ साल जेठ १५ गते ७ सदस्यीय छानबिन विशेष समिति गठन गरेको थियो ।

सोमबार प्रतिनिधि सभामा प्रतिवेदन प्रस्तुत गर्दै सभापति थापाले पार्टीभन्दा माथि उठेर अध्ययन गरिएका बताए । समिति सभापति थापाले भनेका छन्, >>> पृष्ठ २ मा



*सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन प्रतिनिधि सभामा पेस गर्दै समिति सभापति सूर्य थापा ।*

# राउत प्रधानन्यायाधीशमा सिफारिस

संविधानको धारा २८४ (३) मा बहालवाला व्यक्ति अवकाशमा जानुभन्दा एक महिनाअघि नै नयाँ प्रधानन्यायाधीश नियुक्तिका लागि परिषद्ले सिफारिस गर्नुपर्ने व्यवस्था छ । यसअनुसार भदौ १९ गते भित्रै सिफारिस हुनुपर्नेमा केही ढिलो गरी सिफारिस भएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

वरिष्ठतम न्यायाधीश प्रकाशमान सिंह राउतलाई प्रधानन्यायाधीशमा सिफारिस भएका छन् । सोमबार बसेको संवैधानिक परिषदको बैठकले उनलाई प्रधानन्यायधीशमा सिफारिस गरेको हो ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ १८ असोजमा अवकाश हुँदैछन् । श्रेष्ठ ६५ वर्ष उमेर हदका कारण असोज १८ देखि अवकाशमा जाने भएका हुन् ।

संविधानको धारा २८४ (३) बमोजिम अवकाशमा जानुभन्दा एक महिनाअघि नै



नयाँ प्रधानन्यायाधीश नियुक्तिका लागि परिषद्ले सिफारिस गर्नुपर्ने व्यवस्था छ । संवैधानिक व्यवस्थाअनुसार भदौ १९ मा नै सिफारिस हुनुपर्नेमा केही ढिलो गरी सिफारिस भएको हो ।

नयाँ प्रधानन्यायाधीशका लागि न्यायपरिषदले ८ जना सम्भावित न्यायाधीशहरूको सूची संवैधानिक परिषदमा पठाएको थियो । जसमा न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाश कुमार ढुंगाना, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदी रहेका थिए ।

प्रधानमन्त्री अध्यक्ष हुने संवैधानिक परिषदमा प्रमुख विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे, प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठ, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल र उपसभामुख इन्दिरा राना मगर सदस्य रहेका छन् ।

अन्य संवैधानिक नियुक्तिहरू भने सोमबार हुन सकेन । यसअघि गत शुक्रबार साँझ बसेको संवैधानिक परिषद्को बैठक सबै रिक्त संवैधानिक नियुक्तिहरू एकै पटक गर्ने >>> पृष्ठ २ मा

### नदी किनाराको थप २० मिटर जग्गा मापदण्ड
# पुनरावलोकन मार्गदै सर्वोच्चमा सरकार

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ भदौ ।

नदी किनारामा थप २० मिटर जग्गा छोड्नुपर्ने सर्वोच्च अदालतको फैसला पुनरवलोकन गर्नुपर्ने माग राख्दै सरकार सर्वोच्च अदालत नै पुगेको छ ।

काठमाडौं उपत्याकाका नदी किनारामा तोकिएको मापदण्डभन्दा थप २० मिटर जग्गामा संरचना बनाउन नपाइने फैसला पुनरावलोकन गर्नुपर्ने सरकारको माग छ । यो माग राखेर सरकारले सर्वोच्च अदालतमा निवेदन दिएको हो ।

सरकारले सोमबार निवेदन दिएको महान्यायाधिवक्ता कार्यालयका सूर्यराज दाहालले जानकारी दिए ।

सर्वोच्च अदालतले गएको पुस ३ गते नदी किनारामा सरकारले तोकेकोभन्दा थप २० मिटर जग्गामा संरचना बनाउन नपाइने फैसला सुनाएको थियो ।

उक्त फैसला कार्यान्वयन गर्न काठमाडौं महानगरले सूचना जारी गरेपछि यो विषयमा बहस भएको थियो ।

जनस्तरमै फैसलाको पुनरवलोकन गर्न माग उठेपछि मन्त्रिपरिषद कार्यालयका सचिव फणिन्द्र गौतमले महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्चमा निवेदन दिएका हुन् ।

काठमाडौं उपत्यकाका नदी किनारको थप २० मिटर जग्गाभित्र संरचना बनाउन नपाइने सर्वोच्च अदालतको फैसलाबाट प्रभावित हुने ८० हजार परिवारले असन्तुष्टि जनाएपछि राजनीतिक दलहरू पुनरावलोकनको पक्षमा उभिएपछि सरकार अदालत गएको हो ।

> जनस्तरमै फैसलाको पुनरवलोकनगर्नमाग उठेपछि मन्त्रिपरिषद कार्यालयका सचिव फणिन्द्र गौतमले सोमबार महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्च अदालतमा निवेदन दिएका हुन् ।

यसअघि सरकारले नै राजनीतिक वातावरण बनाउन भूमिका खेलेको थियो । संसदमा पनि नेकपा एमाले, नेपाली कांग्रेससहितका सत्तारुढ दलहरू पुनरावलोकनमा जाने तयारीमा रहेपछि प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र सहितका राजनीतिक दलले पनि पुनरावलोकनकै पक्षमा समर्थन जनाएका थिए ।

३ पुस २०८० मा सर्वोच्च अदालतका न्यायाधीश आनन्दमोहन भट्टराई र विनोद शर्माको इजलासले नदी क्षेत्र संरक्षणका लागि बागमती, विष्णुमती लगायत उपत्यकाका ठूला नदी तथा खोलाहरुमा ४० मिटर जग्गा छाडेर मात्र संरचना निर्माणको अनुमति दिन आदेश दिएको थियो ।

यसअघि २०६५ सालमा मन्त्रिपरिषदले बागमती, विष्णुमती लगायत ठूला नदीहरुमा २० मिटर क्षेत्र छाड्ने निर्णय गरेको थियो । पहिले २० मिटर छाड्नुपर्ने भनिएकोमा खोलामा थप २० मिटर छाड्न सर्वोच्चले आदेश दिएको छ ।

गत असार अन्तिममा सर्वोच्चको फैसलाको पूर्णपाठ सार्वजनिक भएको थियो । त्यसपछि काठमाडौं महानगरपालिकाले नदी किनारको ४० मिटर क्षेत्रमा संरचना निर्माणका लागि नक्सापास गर्न छाडेको छ । त्यसपछि राजनीतिक दलहरू >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# संघद्वारा कार्यालय भवन खरिदका लागि योगदान गर्न व्यवसायीहरूलाई आह्वान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कार्यालय भवन खरिदका लागि योगदान गर्न व्यवसायीहरूलाई आह्वान गरेको छ । राजधानीको सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे तीन तले घर खरिद गर्न ४ करोड ३० लाख रूपैयाँमा बैनाबट्टा गरेपछि संघले उक्त रकम जुटाउन खुला आह्वान गरेको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

हाल ९ सय ९२ वैदेशिक रोजगार व्यवसायी रहेका छन् । महासचिव भुर्तेलले भुक्तानीका लागि रकम जुटे सकेसम्म छिटो भवन पास गर्ने योजना रहेको बताए । ४ करोड ३० लाख भवनका लागि मात्रै भएको र आन्तरिक सजावट र व्यवस्थापनका लागि थप रकम आवश्यक हुने भन्दै महासचिव भुर्तेलले संघ स्थापनाको ३२ वर्षको अवधिमा आफ्नै भवन नहुनुको पीडादायी अवस्थाको अन्त्य गर्न उपयुक्त स्थानमा भवन खरिदको प्रक्रिया अघि बढाएकाले व्यवसायीबाट सक्दो योगदानको अपेक्षा गरिएको बताए । आफ्नो भवन भएमा दैनिक कार्यालय सञ्चालन, भावी योजना निर्माण र कतिपय नीतिगत छलफलमा समेत गुणात्मक परिवर्तन ल्याउन सकिने उनले दाबी गरे ।

संघले भवन खरिदका लागि न्यूनतम १ लाखदेखि २० लाख रूपैयाँसम्म योगदान गर्ने व्यवसायीलाई विभिन्न सम्मान प्रदान गरिने बताएको छ । २० लाख वा सोभन्दा बढी सहयोग गर्ने संस्था वा व्यवसायीको नाममा भवनका कार्यकक्ष नामाकरण, ताम्रपत्रसहित >>> पृष्ठ २ मा

### मञ्चद्वारा ४७ लाख हस्तान्तरण



**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन खरिदका लागि ४७ लाख रूपैयाँ प्रदान गरेको छ । मञ्च कार्यसमितिको तर्फबाट अध्यक्ष जनक रावलले सोमबार उक्त रकमको चेक संघका अध्यक्ष राजेन्द्र भण्डारीलाई हस्तान्तरण गरे । >>> पृष्ठ २ मा

### कतारमा पासपोर्ट नवीकरणको स्लट नखुल्दा श्रमिक समस्यामा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३१ भदौ

नेपाल सरकारको परराष्ट्र मन्त्रालयमातहत रहेको राहदानी नवीकरणका लागि अनलाइनमार्फत भर्न मिल्ने पासपोर्टको स्लट खाडीका अधिकांश देशमा नखुल्ने गरेको गुनासो बाक्लिन थालेको छ । खाडी राष्ट्रमध्ये कतारबाट पासपोर्टको फाराम भर्न स्लट नखुल्ने तर दूतावासमा दैनिक सयौं आवेदन आउनुलाई कर्मचारीको मिलीभगतका रूपमा >>> पृष्ठ २ मा

प्रधानमन्त्रीको माओवादीप्रति प्रश्न

# ‘पाँचथरमा दुई बालबालिकाको निधन बम विस्फोटबाट भयो भन्न मिल्ने कि नमिल्ने ?’

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, ३१ भदौ

प्रधानमन्त्री केपी शर्मा ओलीले पाँचथरमा बम विस्फोटबाट मृत्यु भएका बालबालिकाको विषयलाई लिएर माओवादीमाथि प्रश्न गरेका छन् ।

८९ औं राष्ट्रसंघीय महासभामा जाने विषयको जानकारीसहित सोमबार प्रतिनिधिसभामा गरेको सम्बोधनमा प्रधानमन्त्री ओलीले माओवादीमाथि प्रश्न गर्दै भने ‘पाँचथरमा दुई बालबालिकको निधन भयो । बम विस्फोटबाट भयो भन्न मिल्ने कि नमिल्ने ? ,यहाँ अन्यौल भइरहेको छ’, उनले भने,‘अहिले निधन भयो मात्र भनौँ अरु पछि भनौँला । बम विस्फोटबाट भन्न मिल्ने हो कि नमिल्ने हो ?’



उनले माओवादीले सशस्त्र युद्धलाई हिंसा भनेको स्वीकार नगरेको विषयलाई लिएर अहिले पनि त्यको प्रभाव कायम रहेको विषय लक्षित गर्दै फरक शैलीको प्रयोग गरेका थिए।

तर, बम विस्फोटबाट निधन भयो । एका घरका २ बालबालिकाको मृत्यु भयो । सो घटनामा २ बालबालिकाको निधन भएकोप्रति दुःख व्यक्त गर्दै उनले मृतकपरिवारलाई पाँच-पाँच लाख बराबरको क्षतिपूर्ति दिने साथै घाइते २ जना बालबालिकाको उपचारको जिम्मा पनि सरकारले लिने निर्णय गरेको बताए ।

यही भदौ १३ गते पाँचथरको फलेलुङ गाउँपालिका-५ प्रङबुङस्थित डाँडागाउँमा आइतराज केरुङको घरको आँगनमा विस्फोटक पदार्थ (ह्यान्डमेड सकेट बम) पड्किँदा दुईजना बालबालिकाको मृत्यु भएको थियो । ज्ञानबहादुर राईको परिवार बस्दै आएको घरको आँगनमा भएको विस्फोटमा ज्ञानबहादुरका छिमेकी दिलीप साँवाका ११ वर्षीय छोरा दिप्सन साँवा र दुई वर्षीया छोरी प्रिन्सा साँवाको मृत्यु भएको थियो । उनीहरु दाजु बहिनी हुन् । विस्फोटमा परी स्थानीय ज्ञानबहादुर राईका ९ वर्षीय छोरा पवन र दिपक राईका छोरा दिप्सन घाइते छन् । उनीहरुको किर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको छ ।

## ‘राष्ट्रिय बाल सहभागिता सम्मान २०८१’ प्रधानलाई

काठमाडौं/मस-बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समुह (कन्सोर्टियम नेपाल)ले ‘राष्ट्रिय बाल सहभागिता सम्मान २०८१’ नेपालको बालअधिकार आन्दोलनका प्रणेता गौरी प्रधानलाई प्रदान गरेको छ ।



सोमबार काठमाडौंमा बालिका सहभागिता र सशक्तिकरणका लागि नागरिक संवाद कार्यक्रमका बीच प्रधानलाई राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिन् ।

चार दशक लामो बालअधिकार आान्दोलनमा निरन्तर रुपमा नेतृत्वदायी भूमिकामा रहि बालअधिकार आान्दोलनलाई उचाईमा राखेको कारण राष्ट्रिय बालसहभागिता सम्मान २०८१ प्रधानलाई प्रदान गरिएको कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले बताए ।

नेपालको बालअधिकार आन्दोलनमा बालअधिकार सबैको सरोकार, बालबालिकाका लागि बालबालिकाका साथमा, बालबालिका शान्ति क्षेत्र हुन् र बालबालिका राष्ट्रिय गौरव हुन् जस्ता नवीन सोचहरू अगाडि सारेर बालअधिकार आन्दोलनलाई वैचारिक तथा व्यवहारिक बनाइ राख्न प्रधानले निरन्तर रुपमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

उक्त कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का बम बहादुर बानियाँ, एनएसीजीका अध्यक्ष किरण थापा लगायतका व्यक्तिहरुले बालिका सहभागिता तथा सशक्तिकरणका लागि खेल्नुपर्ने भूमिकाका बारेमा आफ्ना विचार राखेका थिए । सो कार्यक्रममा बाल अधिकार अभियन्ता विष्णु खत्रीले आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए ।

## प्रतिभा पहिचान तथा मेयर छात्रवृत्ति घोषणा कार्यक्रम सम्पन्न

**युवराज पुन/मध्यान्ह**
परासी, ३१ भदौ

सुनवल नगरपालिकाले बाल दिवसको अवसरमा प्रतिभा पहिचान तथा मेयर छात्रवृत्ति घोषणा कार्यक्रम सम्पन्न गरेको छ । सुनवलकी नगरप्रमुख बिमला अर्यालको अध्यक्षता तथा प्रदेश सभा सदस्य खडग बस्नेतको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।



सुनवल नगरपालिका भित्रका विद्यालय सहभागी भएको प्रतिभा पहिचान कार्यक्रमअन्तर्गत रमवापुर मावि प्रथम, देवकोटा मावि द्वितीय, भगवती मावि तृतीय र धान्यान्चल माविले सान्त्वना स्थान हासिल गरेका छन ।

प्रतिभा पहिचान कार्यक्रमअन्तर्गत प्रथम हुने विद्यालयका विद्यार्थीलाई ५ हजार, द्वितीयलाई ३ हजार, तृतीयलाई २ हजार र सान्त्वनालाई १५ सय नगद पुरस्कारसहित सम्मान गरिएको थियो । त्यस्तै छात्रवृत्ति घोषणा कार्यक्रमअन्तर्गत सुनवल नगरपालिका भित्रबाट सामुदायिक र संस्थागत गरी ५३ विद्यालयका ५ हजार ७ सय ८७ जनाले आर्थिक बर्ष २०८१ मा छात्रवृत्ति पाउने भएका छन ।

**संसदीय...**

‘छानबिन समितिमा रहेका पाँच पार्टीहरू एकैतिर फर्किएर छानबिन गरिएको छ ।’

उनका अनुसार समितिले ६६ वटा बैठक गरेको थियो । विभिन्न ४५१ जना व्यक्तिहरूसँग सुझावमूलक जानकारी र अन्तरक्रिया गरिएको थियो। सहकारी ठगीको आरोपित ४७ जना सहकारी सञ्चालक, गोर्खा मिडिया नेटवर्क प्रा.लि.का सञ्चालक तथा कर्मचारी समेत तीन जना र नियामक निकायका पाँच जना गरी जम्मा ५५ जनासँग सोधपुछ गरेको थियो । प्रतिवेदन सभामा पेस भएसँगै सभामुख देवराज घिमिरेले प्रतिवेदनको आवश्यक कार्यार्थ नेपाल सरकारलाई पठाउन सचिवालयलाई निर्देशन दिएका छन्। सार्वजनिक प्रतिवेदनको अंशअनुसार सहकारीको रकम अपचलन र दुरुपयोगकोमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको संलग्नता रहेको पुष्टि भएको छ । उनीसहितका व्यक्तिहरूको संलग्नता पुष्टि गर्दै छानबिन समितिले आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउन सरकारलाई सिफारिस गरेको छ।

गोरखा मिडिया नेटवर्क प्रालिमा सेयर खरिद बिक्री किर्ते कागजकै आधारमा गरेको पाइएको निष्कर्ष निकालिएको छ । प्रतिवेदनमार्फत सेयर खरिद बिक्री र साधन, उपकरण खरिद गर्दा किर्ते गरेको भन्दै आवश्यक कानुनी प्रबन्ध गर्न सरकारलाई सिफारिस गरिएको हो ।

‘गोरखा मिडिया नेटवर्क प्रालि लगायतमा कम्पनीहरूमा सेयर खरिद बिक्री गर्दा कानुनबमोजिम पेस हुने भुक्तानीका साधन र उपकरणहरू पूर्ण नभई किर्ते कागजकै आधारमा खरिद बिक्री भएको पाइएको हुँदा भुक्तानी प्रक्रिया पूर्ण भएको यकिन गरी र सो बमोजिमको करसमेत तिर्ने सम्बन्धमा बाध्यकारी प्रबन्ध गर्न र श्वेट सेयरसम्बन्धी कानुनी प्रबन्धबारे अध्ययन गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराउन नेपाल सरकारलाई सिफारिस गर्ने’ समितिको सुझाव तथा सिफारिसमा खण्डमा उल्लेख छ।

यहीँनेर संसदीय छानबिन समितिले गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेसहित चार जनालाई प्रचलित कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको हो। संसदीय छानबिन विशेष समितिले गोरखा मिडिया नेटवर्कमा सहकारीबाट आएको ६५ करोड रुपैयाँ रकमको सम्बन्धमा रवि लामिछाने पनि जिम्मेवार रहने ठहर गरेको हो ।

समितिले प्रतिनिधि सभामा बुझाएको प्रतिवेदनमा भनिएको छ, ‘कुनै पनि कम्पनीको आफ्नै उद्देश्य र मर्म हुन्छ । कम्पनीका सञ्चालक वा सेयरहोल्डरहरू त्यस्तो संस्थामा मुख्य जिम्मेवार हुन्छन् । सेयर सदस्य, सञ्चालक सदस्य र प्रबन्ध निर्देशकको भूमिका र जिम्मेवारीमा रहेका पात्रहरूले कम्पनीमा प्राप्त हुने रकमप्रति जिम्मेवारी र दायित्वबोध नगर्न मिल्दैन, खातावाल हस्ताक्षरकर्ताहरू जसले खाता सञ्चालन अर्थात् वित्त परिचालनमा सहभागी हुन्छन्, त्यसवापत दायित्व ग्रहण ग्रहण गर्नु पर्दछ । सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रालि.को खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको देखिन आएबाट निज सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानून बमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।’

समितिले लामिछानेसँग गोर्खा मिडया नेटवर्कमा सहकारीको रकम आएको विषयमा ९ घण्टासम्म बयान लिएको थियो । समिति सभापति थापाले प्रतिनिधि सभाको बैठकमा गोरखा मिडिया नेटवर्कमा आएको ६५ करोड सबै सहकारीको पैसा भएको बताएका छन्।

प्रतिवेदनमा बिभिन्न ४० वटा सहकारीको वित्तीय विश्लेषण गरिएको छ । बचत तथा सहकारीमा सबैभन्दा बढी समस्या देखिएको सभापति थापाले जानकारी दिएका छन् ।

उनका अनुसार १४ वटा सुझाव दिइएको छ । गोरखा मिडियाको रकमबारे ८ वटा सुझाव पेश गरिएको छ । ‘सहकारीका सम्बन्धमा विवाह, सम्बन्ध विच्छेद, लेखपरीक्षण रिपोर्ट फेक छन्, इमानविपरीत काम गरिएका छन्’ सभापति थापाले भनेका छन् ।

**राउत...**

प्रस्तावले निष्कर्षविहिन भएको थियो ।

निर्णय नभएतापनि सोमबारको संवैधानिक परिषदको बैठकमा पनि प्रधानन्यायाधीश बाहेकका रिक्त संवैधानिक नियुक्तिबारे छलफल भएको थियो। वरीयताअनुसार न्यायाधीश प्रकाशमान सिंह राउतको हकमा भने प्रधानन्यायाधीशमा सिफारिस भएका हुन्। प्रतिपक्षी दल समर्थित सदस्यहरूले रिक्त रहेका सबै पदमा एकै पटक सिफारिस गर्नुपर्ने प्रस्ताव राखेता पनि निर्णय भन हुन सकेन ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश र चार न्यायाधीशको पद रिक्त छ। यी लगायत संवैधानिक निकायका निकायका प्रमुख एवं पदाधिकारीहरूमा समेत रिक्तता रहेको छ ।

प्रधानन्यायाधीशको विषयमा यसअघि प्रमुख तीन दलका तीन नेता छलफलमा बसेका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीको आह्वानमा प्रमुख तीन दलका शीर्ष नेताहरुको बैठक बसेको थियो । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री ओली सहित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहभागी थिए ।

प्रधानमन्त्री ओलीको सचिवालयलका अनुसार संवैधानिक परिषद बैठक अगाडि तीन नेताबीच समझदारी जुटाएर संवैधानिक परिषदको बैठकबाट प्रधानन्यायाधीशको सिफारिस भएको हो ।

अब उक्त सिफारिसउपर संसदीय सुनुवाइ हुन्छ । संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि नियुक्त हुने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा २९२ को उपधारा (२) मा यससम्बन्धी व्यवस्था छ।

यसअनुसार संवैधानिक परिषदको सिफारिसमा नियुक्त भएका प्रधानन्यायाधीशो संसदीय सुनुवाइ हुन्छ । संवैधानिक व्यवस्थाअनुसार संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि नियुक्त हुनेछन् ।

सुनुवाइ समितिमा प्रतिनिधि सभाका १२ जना सदस्य र राष्ट्रिय सभाका तीन जना सदस्य रहन्छन् । संवैधानिक परिषद र सरकारले सार्वजनिक महत्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरु तथा पदाधिकारीहरुको दक्षता, क्षमता र इमान्दारिता परीक्षण समितिले गर्दछ ।

**पुनरावलोकन...**

फैसला पुनरावलोकनको पक्षमा उभिएका हुन् । काठमाडौं उपत्यकाभित्रका नदी किनारका मापदण्डको विषयले काठमाडौंका जनतामा र देशैभरका जनतामा एउटा तरंग उत्पन्न गरेपछि सरकार पुनरावलोकन माग गर्दै अदालत गएको हो ।

**संघद्वारा ...**

शिलालेखमा नामांकन गरी आजीवन सदस्यताले सम्मानित गर्ने, दश लाख सहयोग गर्ने संस्था वा व्यवसायीलाई ताम्रपत्रसहित शिलालेखमा नामांकन गरी आजीवन सदस्यताले सम्मानित गर्ने, पाँच लाख वा सोभन्दा बढी सहयोग गर्ने संस्था वा व्यवसायीलाई ताम्रपत्रसहित शिलालेखमा नामांकन गरी सम्मानित गर्ने, तीन लाख सहयोग गर्ने संस्था वा व्यवसायीलाई सम्मानपत्र र शिलालेखमा नामांकन गर्ने निर्णय गरेको संघले बताएको छ ।

संघले सदस्य व्यवसायीहरूलाई न्यूनतम एक लाख रूपैयाँ योगदान गर्नुपर्ने बताएको छ । संघ कार्यसमिति सल्लाहकार, विभिन्न शुभेच्छुक घटक तथा घटक संस्थाका अध्यक्ष, महासचिव र प्रतिनिधिको सहभागितामा बसेको वैठकले भवन खरिदका लागि आवश्यक रकम जुटाउन योगदान गर्नुपर्ने रकम तोकिएको पनि महासचिव भुर्तेलले जानकारी दिए ।

**कतारमा...**

हेर्न थालिएको छ । पछिल्लो एक महिनायता पासपोर्टको फाराम भर्ने स्लट नखुल्नुका पछाडिका कारणबारे कतारमा रहेका नेपाली समाजका अगुवा, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले दूतावासकै कर्मचारीप्रति आशंका व्यक्त गर्न थालेका छन् ।

एनआरएनए एनसीसी कतारको पहलमा यही सेप्टेम्बर १ तारिकमा पासपोर्ट नवीकरणमा देखिएका समस्याका बारेमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा अधिकांश वक्ताहरूले दूतावासको आइपी एड्रेसका बारेमा खरो प्रतिक्रिया दिए । वक्ताहरूले दूतावासको बाहिर बसेका ट्याक्सी ड्राइभरले ५० कतारी रियाल लिएर फाराम भरी हाल्न सक्ने, तर अरुले खोल्दा स्लट नखुल्नु दूतावासका कर्मचारीको मिलीभगत रहेको आरोप लगाए।

कार्यक्रममा युरोप अमेरिका जस्ता देशमा जति बेला पनि स्लट खुल्ने, तर कतारबाट किन नखुल्ने भन्दै वक्ताहरुले यसको कारण खोजिनुपर्ने बताएका थिए । केही व्यक्तिले स्लटमा फरक देश र मिति पारेर फाराम भर्ने र दूतावासका कर्मचारीले फिजिकल फाराम लिँदा ती सबै विवरण सच्चाएर लिने गरेको, ड्यामेज भएको या हराएको पासपोर्टका हकमा भने दोब्बर दस्तुर लिएर पासपोर्ट जारी गर्ने गरेको अन्तरक्रियामा सहभागीहरूले धारणा राखेका थिए ।

यद्यपि उक्त कार्यक्रममा भएका छलफल र निष्कर्षलाई अन्तिम रूप दिएर दूतावासमा बुझाउने अन्तिम तयारी गरिएको एनसीसी कतारका अध्यक्ष रमेश भट्टले जानकारी दिए । अनलाइन पासपोर्ट नवीकरण र स्लटका समस्याका बारेमा गत हप्ताबाट कतारका सार्वजनिक कार्यक्रममा वक्ताहरूले प्रश्नसमेत उठाउन थालेका छन् ।

गत शुक्रवार एक सार्वजनिक कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ कतार शाखाका उपाध्यक्ष अर्जुन पौडेलले समयमै पासपोर्ट नवीकरण गर्न नसक्दा नेपाल जानमात्र नभइ बीमा र श्रम नवीकरणमा समस्या परेको बताए । पासपोर्टकै कारण कतिपयको रोजगार गुम्ने, श्रम नवीकरण गर्नसमेत नमिल्ने भएका कारण श्रमिकहरू थप अप्ठ्यारोमा पर्दै गएका कारण दूतावास थप जिम्मेवार बन्नुपर्ने र कतारका संघ संस्थाका प्रमुखहरूले कम्तीमा हस्ताक्षर संकलन गरेर दूतावासमार्फत चौबिसै घण्टा स्लट खुलाउन नेपाल सरकारको परराष्ट्र मन्त्रालयमा दबाब दिन ढिला भएको बताए । समाजका अगुवा भएर हिँडिरहँदा आफ्ना आफन्त र साथीभाइहरूको पासपोर्ट नवीकरणका लागि फारामसम्म भर्न नसक्दा आफूहरूलाई निकै अप्ठेरो महसुस हुने गरेको स्वयं पौडेल बताउँछन् । स्लट नखुल्दा कतारबाट पासपोर्टको फाराम भर्न नसकेर गुल्मीका कुमार राहादी मगर, बागलुङका नीराजन गौतम, अर्घाखाँचीका राम प्रसाद पराजुली, नवलपरासीका साजन लौडारीलगायतले पनि आफूहरु यो समस्याले आजित भइसकेको बताए । कतारमा कम्तीमा साप्ताहिकरूपमा १५ सय पासपोर्ट नवीकरणका लागि परराष्ट्र मन्त्रालयले स्लट उपलब्ध गराउनुपर्ने आवश्यकता देखिन्छ। स्लट नखुल्दा र बेलैमा पासपोर्ट नवीकरण गर्न नसक्दा श्रमिकहरू समस्यामा परिरहेका छन् ।

**मञ्चद्वारा...**

मञ्चका कोषाध्यक्ष शीतल मैनालीले संस्थागतरूपमा मञ्चले उक्त रकम संघलाई हस्तान्तरण गरेपछि पनि मञ्चमा आबद्ध व्यवसायीले आफ्नो दायित्वको रकम छुट्टै भुक्तान गर्नुपर्ने बताए ।

संघका महासचिव मेघनाथ भुर्तेलले संस्थागत प्रशासनिक भवनको आवश्यकतालाई पूरा गर्ने संघ कार्यसमितिको अठोटलाई साकार बनाउन प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल कार्यसमितिका तर्फबाट प्रदान गरिएको सहयोग उदाहरणीय रहेको भन्दै मञ्चप्रति आभार व्यक्त गरिएको बताए ।

मञ्च अध्यक्ष रावलले विज्ञप्ति जारी गर्दै ३२ वर्षको इतिहास बोकेको संघको आफ्नो प्रशासनिक भवन नहुनु पीडादायी भन्दै व्यवसायीहरुको छाता संस्था संघले सम्पूर्ण व्यवसायीहरुको अपनत्व हुने गरी कार्य प्रारम्भ गरेकोमा मञ्च कार्यसमितिका तर्फबाट उक्त रकम प्रदान गरिएको बताएका छन् । संघले थालनी गरेको भवन खरिदको उदाहरणीय कार्यलाई सफल बनाउन सम्पूर्ण व्यवसायीलाई तन, मन, वचन र कर्मले सहभागी हुन पनि अध्यक्ष रावलले आह्वान गरेका छन् ।

उक्त रकम हस्तान्तरण कार्यक्रममा संघ तथा मञ्चको कार्यसमिति पदाधिकारी र सदस्यहरूको उपस्थिति रहेको थियो ।

### Aishwarya Multiple Campus
**Dhangadhi, Kailali**

**बोलपत्रको आशय पत्र सम्बन्धि सूचना**

प्रकाशित मिति: २०८१/०६/०१

यस ऐश्वर्य बहुमुखी क्याम्पसको आ.व. २०८१/०८२ अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्यका लागि मिति २०८१/०४/२१ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका तपसिलको बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सार्वजनिक खरिद नियमावली २०७७ को नियम ५४ (क) बमोजिम सम्बन्धित सबै फर्मको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का न. | योजनाको नाम | फर्म/ कम्पनी | कबोल रकम (मु.अ.कर. बाहेक) |
|---|---|---|---|
| AMC/UGC/W/NCB/ 01-2081/82 | Construction of Fourth Floor of Aishwarya Multiple Campus Building for Science and Computer Lab, Dhangadhi - 05, Kailali | Ranadev Construction Dhangadhi, Kailali | रु. ६६,७९,९३९.५१/- |

**क्याम्पस प्रमुख**

**साउदीमा रोजगार**

कम्पनी: L AND T SAUDI HYDROCARBON COMPANY IS A FOREIGN LIMITED COMPANY शहर: Dammam
पुर्व स्वीकृत मिति: २०८०/०५/१७ चलानी नं.: ६०२०७१२१ L.T. No.: 291964 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज ८ र ९ गते (24 & 25 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1035/072/073
**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

### भीमफेदी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**भीमफेदी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**दोश्रो पटक प्रकाशित मितिः- २०८१/०६/०१ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गतको दफा ६२ बमोजिम यस भीमफेदी गाउँपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको देहायको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेबापत भीमफेदी गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दररेटमा सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीबाट सेवा शुल्क सङ्कलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले दर्ता प्रमाणपत्र, ईजाजतपत्र नवीकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कम्तिमा आ.व.२०७९/८० को करचुक्ता र नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपिहरूको नोटरी प्रमाणित संलग्न गरी देहायका शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल–**

**दरभाउ पत्र फारम दस्तुरः–रु.१०००/– (फिर्ता नहुने गरी)**

| आय ठेक्का/ सूचना नं. | ठेक्काको नाम | पूर्वाधार सेवा शुल्क संकलन गर्ने क्षेत्र | न्यूनतम ठेक्का अंक रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| BRMMK/IR -02/2081/82 | चिसापानीगढीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य | भीमफेदी-६ स्थित चिसापानीगढी | २,००,०००/- (दुई लाख) (मु.अ. कर बाहेक) | २०८१/६/८ कार्यालय समय सम्म | २०८१/६/९ दिनको १२:०० बजेसम्म | २०८१/६/९ दिनको १:०० बजे |
| BRMMK/IR -03/2081/82 | व्यवसायिक सटर भवन भाडामा लगाउने कार्य | भीमफेदी-६ भीमफेदी बजारस्थित गाउँपालिकाद्वारा निर्मित भवन | ८,३८,५००/- (आठ लाख अठतिस हजार पाँच सय ) | २०८१/६/८ कार्यालय समयसम्म | २०८१/६/९ दिनको १२:०० बजेसम्म | २०८१/६/९ दिनको १:०० बजे |

**(उल्लिखित कार्यसम्बन्धी शर्तहरू भीमफेदी गाउँपालिकाको आधिकारिक वेवसाइट www.bhimphedimun.gov.np मा राखिएको सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।)**

**प्रमुख प्रशासकीय अधिकृत**

**कुवेतमा रोजगार**

कम्पनी : TRANSPORT LEADER LOGISTIC SERVICE COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०५/३० चलानी नं.: ६०२२५४३० L.T. No.: 310843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 12 | 0 | स. काममा दक्ष | 200 | ८७,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BRAX COMPANY FOR DELIVERY CONSUMER ORDERS. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/१०/०५ चलानी नं.: ६०२१३३२६ L.T. No.: 298400 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver/ Private Car Driver | 97 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५९,२६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZETIC CO FOR DELIVER CONSUMER ORDERS शहर: Kuwait
पूर्व स्वीकृत मिति:२०८१/०१/३१ चलानी नं.: ६०२१९४७५ L.T. No.: 304726 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/Car Driver/ Private Car Driver | 32 | 0 | स. काममा दक्ष | 160 | ७०,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता होटल टाईम लेस, बिर्तामोड, झापामा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।**
**एभरेष्ट ड्राईभिङ सेन्टर नागढुङ्गा, पोखरामा २०८१ असोज ५ गते (21 September 2024) मा हुनेछ ।**
**मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ६ र ७ गते (22 & 23 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि)
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी
Govt. Lic. No. 1156/073/074 फोन: ०१४९६३४०३,०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८,

**युएईमा रोजगार**

कम्पनी : INJAZ AL MADINA BUILDING CONTRACTING L.L.C शहर:Dubai
पूर्व स्वीकृत मिति: २०८१/०५/३० चलानी नं.: ६०२२५४०२ LT. No.: 310861

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic Asst. | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bricklayer | 1 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 3. | Electrician Assistant | 2 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 4. | Eletrician | 2 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |
| 5. | Joiner | 2 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |
| 6. | Painter Assistant | 2 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 7. | Plumber Assistant | 13 | 0 | | 1000 | ३६,४६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज ८ गते (24 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं.: ६७८/०६३/०६४
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०६१, ४५२७०५८ Mobile: 9851128516 | 9826852900
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com

# संघीय संसदको चालु अधिवेशन अन्त्य

**काठमाडौं/मस–** संघीय संसदको दुवै सदनको चालु अधिवेशन अन्त्य गरिएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँदै सभामुख देवराज घिमिरेले प्रतिनिधि सभाको चालु चौथो अधिवेशन सोमबार रातिदेखि अन्त्य भएको बताए। 'नेपालको संविधानको धारा ९३ को उपधारा २ बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको २०८१ भदौ ३० गतेको सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन २०८१ साल भदौ ३१ गते राति १२ बजेबाट लागू हुनेगरी अन्त्य भएको छ', राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँदै सभामुख घिमिरेले भने।



सभामुख घिमिरेले प्रनिनिधिसभाको चालु चौथो अवधिभर भए-गरेका काम कारबाहीको विवरण बैठकमा सुनाएका थिए। प्रतिनिधिसभाको चौथो अधिवेशन २०८१ वैशाख २८ गते प्रारम्भ भइ २०८१ भदौ ३१ गतेसम्म एक सय ३० दिन चलेको छ। जसमध्ये ५३ दिनमा ५६ पटक बैठक बस्दा दुई सय छ घण्टा २५ मिनेट समय संसदीय काम कारबाहीमा व्यतित भएको सभामुख घिमिरेले बताए।

यस अवधिमा संघीय संसदका दुवै सदनको संयुक्त बैठक बसेको थियो। यो अधिवेशनमा प्रतिनिधिसभामा आठवटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएका छन। जसमध्ये पाँचवटा विधेयक संघीय संसदको दुवै सदनबाट पारित भएको र तीनवटा विधेयक समितिमा विचाराधिन रहेको सभामुख घिमिरेले बताए। त्यसैगरी, सभाको पहिलो, दोस्रो र तेस्रो अधिवेशनमा दर्ता भएका १३ वटा विधेयकमध्ये सातवटा विधेयक सम्बन्धित समितिमा विचाराधिन र एउटा विधेयक दुवै सदनबाट पारित भएको छ। राजनीतिक दलसम्बन्धी दोस्रो संशोधन विधेयक २०८० लाई सरकारले फिर्ता लिएको छ भने प्रतिस्थापन विधेयकका रुपमा दर्ता भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक २०८० समयमै पारित हुन नसक्दा र औषधि तथा स्वास्थ्य सामग्री नियमन तथा नियन्त्रण विधेयक २०८० सम्बन्धी गैरसरकारी विधेयक दर्ता गर्ने सांसद मन्त्री भएका कारण स्वतः निष्क्रिय भएको सभामुख घिमिरेले बैठकमा जानकारी गराए।

प्रतिनिधिसभाको चालु अधिवेशनमा लगातार १० वा सोभन्दा बढी बैठकमा अनुपस्थित भएका सांसदहरुको अनुपस्थितिको संख्यालाई बैठकले स्वीकृति जनाएको छ। चालु अधिवेशनमा सांसदहरु गीता बस्नेत ४७ दिन, मनोरमा शेरचन ५६ दिन, अम्बिका बस्नेत २६ दिन, राजु थापा १० दिन, डा नारायण खडका १६ दिन, प्रकाशमान सिंह १७ दिन, डा सुनीलकुमार शर्मा ११ दिन, कान्तिका सेजुवाल १५ दिन, वसन्तकुमार नेम्वाङ ५६ दिन, प्रेमबहादुर महर्जन १० दिन, गोकर्णबहादुर विष्ट १२ दिन, दीपक बोहरा ५६ दिन र कालुराम राई १८ दिन बैठकमा अनुपस्थित रहेका थिए। सांसदहरुको अनुपस्थितिको संख्यालाई सोमबारको बैठकले स्वीकृति जनाएको छ।

# चाडपर्व लक्षित कार्यक्रम अगाडि बढाउने तयारीमा छु : प्रजिअ अर्याल

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ भदौ




अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले दशैं, तिहार र छठलाई लक्षित गरी चाडपर्व सुरक्षा योजना तत्काल ल्याउने तयारी गर्न निर्देशन दिएका छन।

प्रजिअ अर्यालले क्षमताभन्दा बढी यात्रुहरू राख्ने यातायातका सवारी साधनलाई तत्काल कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको बताउँदै चाडपर्वको समयमा यात्रुवाहक सवारी साधनहरूलाई बढी भाडा असुल्न नदिन प्रहरी परिचालन गर्ने गर्ने बताए। प्रजिअ अर्यालले सवारी साधनले यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा तत्काल कानुनी दायरामा ल्याउने चेतावनी दिए।

सडकहरुमा हुनसक्ने दुर्घटना, चक्काजामलाई मध्यनजर गर्दै निर्वाधरूपमा सवारीसाधन सञ्चालन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली २४ सैं घण्टा स्टेण्डवाई राख्ने प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताए। प्रजिअ अर्यालका अनुसार यात्रुहरूलाई आवत-जावतका क्रममा ठगिन तथा विभिन्न किसिमका हैरानी खेप्न नदिन सन्धिखर्क नगरपालिकाको बसपार्क र शान्ति बगैचा काउन्टर आसपासमा ट्राफिकसहितको चाडपर्व लक्षित नागरिक सहायता कक्ष स्थापना गरी यात्रुहरूलाई आवश्यक सहयोग गर्ने आफ्नो पहिलो योजना रहेको सुनाए।

अर्घाखाँची जिल्लामा रहेका क्रियासिल पत्रकारहरुसँग जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा आयोजित परिचयात्मक कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी अर्यालले सवारी दुर्घटनामा नियन्त्रण तथा न्यूनीकरणका लागि ट्राफिक प्रहरी कार्यालयले सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी जनचेतना फैलाउने र दुर्घटना न्यूनीकरणका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्न निर्देशन दिने उनले बताए। अर्यालले जिल्लाको शान्ति सुरक्षामा कुनै पनि अप्रिय घटना हुन नदिने प्रतिबद्धता ब्यक्त गरे।

शुक्रबार मात्रै अर्घाखाँचीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेका अर्यालले जिल्लाका विभिन्न क्षेत्रका सरोकारवालासँग भेटघाट गर्ने जिल्लाको बस्तु स्थितिबारे जानकारी लिने र आफ्ना कुरा राख्ने कार्यक्रम अनुसार पत्रकारसँग भेटघाट गरेको बताए।

अर्घाखाँची रहुञ्जेल यहाँका नागरिकलाई असुरक्षित हुन नदिने र अप्रिय घटनाहरू रोक्नमा कटिवद्ध रहने पनि उनले उल्लेख गरे। कार्यक्रममा नेपाल पत्रकार महासघका अध्यक्ष अशोक खनाल लगायतका पत्रकारहरुले प्रमुख जिल्ला अधिकारीलाई स्वागत गर्दै महत्वपूर्ण सुझावहरु दिएका थिए।

# अर्बुद रोग निवारण संस्थाको ४२औं वार्षिकोत्सव
# सरकारले क्यान्सर रोगीलाई सहयोग नगरेको गुनासो

**काठमाडौं/मस–** नेपाल अर्बंद रोग निवारण संस्थाले ४२औं वार्षिकोत्सव मनाएको छ। जनमानसमा क्यान्सरसम्बन्धी चेतना अभिवृद्धि र रोकथाम गर्ने उद्देश्यले २०३९ साल भदौ ३१ गते स्थापना भएको संस्थाले सोमबार प्रज्ञा प्रतिष्ठानमा ४२औं वार्षिकोत्सव मनाएको हो।




अर्बंद (क्यान्सर) जस्तो भयावह रोगविरुद्ध ४२ वर्षदेखि विभिन्न ४८ जिल्लाका शाखाहरुलाई एउटै छातामुनि राखेर सचेतना अभियान चलाउँदै आएको संस्थाले जानकारी गराएको छ। उर्जामन्त्री दीपक खडकाले कार्यक्रमको उद्घाटन गरेका थिए। उनले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या र चुनौतीका बारेमा सरकार सचेत रहेको बताउँदै अझ सशक्त रुपले कार्यक्रम बनाउने बताए। कार्यक्रममा धेरैजसो वक्ताले क्यान्सर रोगीलाई सरकारले जति गर्नपर्ने हो त्यति सहयोग नगरेको गुनासो गरेका थिए।

सरकारले धुम्रपान र मद्यपान आयातमा कडाई गर्नपर्ने उनीहरूले बताएका थिए। कार्यक्रममा बोल्दै डा.प्रकाश राज न्यौपानेले धेरैजसो क्यान्सर धुम्रपान मद्यपानकै कारण हुने भएकाले सरकारी तवरबाट नै यसको रोकथाम गर्न आवश्यक रहेको बताए। आजभोलि किशोरकिशोरीहरू धुम्रपानमा बढी सक्रिय भएको तथ्यांक रहेको बताउँदै उनले घर स्कुलबाट यसको निगरानी हुनुपर्ने पनि बताए। कार्यक्रममा बोल्दै प्रभुराज बैद्यले क्यान्सरको उपचार औषधि नेपालमा सरल तरिकाले उपलब्ध गराउनुपर्ने औंल्याए। अहिले जति छ त्यतिले मात्र नपुग्ने भन्दै उनले अझ सरल र सहज तरिकाले बिरामीले उपचार र औषधि पाउनुपर्ने माग राखे।

कार्यक्रममा डा.उज्जवल चालिसे, महेश खकुरेल, बायु सेवा निगमका कार्यकारी निर्देशक युवराज अधिकारीलगायतले आफ्नो भनाइ राखेका थिए। उनीहरूले आफ्नो ठाउँबाट सकेको सहयोग गरी रोगसम्बन्धी सचेतना र निवारणमा सहयोग गर्न सबैलाई आग्रह गरे।

कार्यक्रममा प्रभुराज बैद्य र युवराज अधिकारीलाई विशेष सम्मान गरिएको थियो। बैद्यलाई नेपालमा क्यान्सर रोगको औषधि वितरणमा सहज बनाएको र अधिकारीलाई क्यान्सरका बिरामीलाई उपचारका लागि आवत-जावतमा निःशुल्क हवाई टिकट उपलब्ध गराएको भन्दै विशेष सम्मान गरिएको हो।

# कटहरिया नगरप्रमुख र उपप्रमुखसहित ११ जनाले पाए भ्रष्टाचार मुद्दामा सफाइ

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३१ भदौ





भ्रष्टाचारको आरोपमा निलम्बनमा परेका रौतहटका कटहरिया नगरपालिका नगरप्रमुख अजय प्रकाश जयसवाल र नगरउपप्रमुख रिता देवीले विशेष अदालतबाट सफाइ पाएका छन्।

विशेष अदालतले कटहरिया नगरप्रमुख जयसवाल र उपप्रमुख रिता देवी सहित ११ जनालाई भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ।

योजना सञ्चालन गर्दा भ्रष्टाचार गरेको भनी आरोप लागेका उनीहरूलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्ने कुनै प्रमाण नै नपुगेको भन्दै अदालतले मेयर र उपमेयरसहित ११ जनालाई नै सफाइ दिएको हो।

विशेष अदालतबाट सफाइ पाउनेहरुमा मेयर अजय प्रकाश, उपमेयर रिता देवी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह, इन्जिनियरद्वय राजेशकुमार साह, मोहम्मद मकसुद आलम, योजना शाखाका प्रमुख राम नरेश प्रसाद यादव, वडा नम्बर ८ का वडाध्यक्ष तथा कार्यपालिका सदस्य समिशविक्रम साह, मनोजप्रसाद जयसवाल, उपभोक्ता समितिका अध्यक्ष सरोजकुमार साह, कोषाध्यक्ष बबिता चौधरी र सचिव योगेन्द्र साह रहेका छन्। विशेष अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारु, तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सबै आरोपितहरुलाई सफाइ दिएको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८१ असार २० गते उनीहरुमाथि भ्रष्टाचार मुद्दा दायर गरेको थियो। स्थानीय तहको निर्वाचन भएपछि लगत्तै २०७९ जेठ १५ गते मेयर जयसवालले आफ्नो अध्यक्षतामा बैठक बसेर कटहरिया नगरपालिकाको वडा नम्बर २ जमुनिया बजारमा रहेको सामुदायिक भवनमा टायल लगाउने काममा भ्रष्टाचार गरेको अख्तियारको दाबी थियो। अख्तियारमा मुद्दा दायर भएसँगै नगरप्रमुख, उपप्रमुख, दुई कार्यपालिका सदस्य, तत्कालीन कार्यालय प्रमुख रामप्रकाश साह र दुई कार्यपालिका सदस्यसहित केही कर्मचारीहरू निलम्बित भएका थिए। तर विशेष अदालतले सोमवार सफाइ दिएलगत्तै उनीहरूको निलम्बन फुकुवा भएको छ।

कटहरिया नगरपालिका-२ स्थित जमुनिया बजारमा रहेको एउटा सामुदायिक भवनमा टायल्स मार्वल लगाउन उपभोक्ता समितिमार्फत काम भएको थियो।

आ.व. २०७८/०७९ मा टायल्सको कामको लागि रकम विनियोजन भएकोमा समितिले लागत इस्टीमेट अनुसार काम नगरेको, लागत अनुमान अनुसार काम नगरी थोरै काम गरेर बढी काम गरेको भनी बिल भर्पाइ बनाइ रकम भुक्तानी लिएर आर्थिक अनियमितता गरेको भन्दै अख्तियारमा उजुरी परेको थियो।

अख्तियारले अनुसन्धान गर्दा वास्तविक गरेको काम भन्दा अनियमित ढंगले १२ लाख ५२ हजार ९४१ रुपैयाँ ९५ पैसाभन्दा बढी भुक्तानी लिइ-दिइ भ्रष्टाचारजन्य कसुर गरेको दाबी अख्तियारले गरेको थियो।

अधुरो सामुदायिक भवनमा टायल्स तथा फ्लोरिङको कामका लागि गठन भएको उपभोक्ता समितिले गरेको कम कामलाई बढी देखाएर भुक्तानी गरी भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुद्दा दायर गरेको थियो।

# स्वास्थ्य सेवा प्रवाहमा सिजा गाउँपालिका प्रथम

**दिलमाया शाही/जुम्ला**
जुम्ला, ३१ भदौ



स्वास्थ्य सेवा प्रवाहमा जुम्लाको सिँजा गाउँपालिका प्रथम भएको छ। जिल्ला जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले गरेको समीक्षा कार्यक्रममा सिँजा गाउँपालिका स्वास्थ्य शाखा प्रथम हुन सफल भएको हो।

जिल्ला जनस्वास्थ्य कार्यालयको मूल्यांकन प्रतिवेदनको आधारमा सिँजा गाउँपालिका प्रथम भएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्ण सापकोटाका अनुसार समीक्षा कार्यक्रममा ३२ वटा सूचकहरुको आधारमा सिँजा प्रथम भएको छ। उनका अनुसार सबै स्थानीय तहका स्वास्थ्य शाखाले राम्रो काम गरेका छन, तर थोरै मूल्यांकनको आधारमा प्रोत्साहन गर्ने उद्देश्यले यो काम भइरहेको छ।

उनका अनुसार विभिन्न ३२ सूचकको समग्र मूल्यांकनमा सिँजा ८७ प्रतिशत, चन्दननाथ नगरपालिका ८४ प्रतिशत, कनकासुन्दरी गाउँपालिका ८१ प्रतिशत, हिमा गाउँपालिका ७६.५ प्रतिशत, तातोपानी गाउँपालिका ७०.५ प्रतिशत रहेको छ।

जनस्वास्थ्य कार्यालयका अनुसार आइतबार र सोमबार दुई दिन कार्यालयको वार्षिक प्रगतिसहितको समीक्षा र कार्ययोजना तयार पारिएको छ। पहिलो दिन स्थानीय स्वास्थ्य शाखा प्रमुखहरुले आ-आफ्नो स्थानीय तहमा भएका कामको प्रस्तुतीकरण गरेका छन।

समीक्षा कार्यक्रम सम्बन्धी पहिलो दिन प्रस्तुतीकरण सम्बन्धी समस्या चुनौति र समाधानका उपायमा छलफल भएको थियो। यसैगरी पालिकाहरुको गरिरहेका कामको मूल्यांकनमा ३२ वटा सूचकको आधारमा मूल्यांकन तथा आगामी वर्षको कार्ययोजना समेत बनाइएको छ। स्वास्थ्य सेवालाई थप राम्रो गर्ने उद्देश्यका साथ क्रियाशिल रुपमा काम गर्ने प्रयास समेत भएको हो। सिँजा गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख ललितबहादुर रोकायाले स्वास्थ्य सेवा प्रवाह, स्वास्थ्य कार्यक्रमहरु सम्पादन तथा व्यवस्थापनमा प्रथम भइ प्रशंसा पत्र समेत प्राप्त भएको बताए।

# मुस्लिम धर्मावलम्बीले मनाए मोहम्मद जयन्ती



**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, ३१ भदौ

इस्लाम धर्मका अन्तिम पैगम्बर हजरत मोहम्मदको जन्मजयन्ती मुस्लिम समुदायले हर्सोहुल्लासका साथ देशभर मनाएका छन। मोहम्मद डे अर्थात मोहम्मद जयन्तीलाई ईद उल मिलान नबी र १२ रबिउल अब्बल पनि भन्ने गरिन्छ।

मुस्लिम समुदायले रैली निकाल्नुका साथै मस्जिदमा कुरान पाठ, हजरत मोहम्मदका उपदेश स्मरण, सामूहिक भोजन तथा एकअर्कामा शुभकामना साटासाट गरेर मोहम्मद जयन्ती मनाएका हुन।

हजरत मोहम्मदको जन्म इस्लामी पात्रो हिजरी संवत १४९९औं मा भएको थियो। उनको रवि अव्वल महिनामा साउदी अरबको मक्कामा बिबि आमिनाको कोखबाट सन ५७० मा जन्म भएको थियो। उनको निधन भने ६३२ जुन ८ मा ६३ वर्षको उमेरमा साउदीकै मदिनामा भएको थियो।

साउदी अरेबियामा जन्मेका मोहम्मद इस्लाम धर्मका प्रचार संस्थापक हुन। मोहम्मद जयन्तीको अवसरमा वीरगञ्ज महानगरको विभिन्न ठाउँबाट मुस्लिम समुदायले जुलुस निकालेका थिए। उक्त जुलुस नगर परिक्रमा गरी वीरगञ्जस्थिति घण्टाघरमा समापन भएको थियो। वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले मुस्लिम समुदायका व्यक्तिहरुसँग शुभकामना साटासाट गरेका थिए।

मोहम्मद दिवसको अवसरमा सरकारले सोमबार मुस्लिम धर्मावलम्बीका लागि बिदा दिएको छ भने मधेश प्रदेश सरकारले पनि सार्वजनिक बिदा दिएको थियो।

# जैन धर्मावलम्बीले मनाए दशलक्षण पर्व

**काठमाडौं/मस–** जैन धर्मावलम्बीहरुले आफ्नो मुख्य पर्व दशलक्षण १० दिनसम्म काठमाडौंमा मनाएका छन्। १००८ आदिनाथ दिगम्बर जैन मन्दिरले आयोजना गरेको १० दिने कार्यक्रममा भारतबाट आएका पावन सानिध्य एवम् निर्देशन पीठाधीश स्वस्ति सुरेन्द्रकीर्ति स्वामीले प्रवचन दिएका छन्।



विश्वमा बढ्दै गएको अशान्ति, बेमेल, हत्या, हिंसाको अन्त्य गर्दै विश्व शान्ति, आपसी सद्भाव र सहिष्णुताका लागि महापर्वले जोड दिएको छ। यस पर्वमा अभिषेक एवम् शान्ति धारा, दशलक्षण, नित्य पूजा, महाआरती, शास्त्र प्रवचन, भक्ति दर्शन र सांस्कृतिक कार्यक्रमको आयोजनासमेत गरिएको नेपालस्थित आदिनाथ दिगम्बर जैन मन्दिरका अध्यक्ष सुभाष जैन सेठीले मध्यान्हलाई जानकारी दिए।

जैन धर्मावलम्बीहरुले पवित्र आत्माको शुद्धीकरणका लागि बिहानै नुहाएर चोखो खाएर मन्दिरमा भेला भइ कथा वाचनमा सहभागिता जनाउने गरेको अध्यक्ष सेठीले बताए। सेप्टेम्बर ८ तारिकदेखि शुरु भएको १० दिने पर्व मंगलबार सकिँदैछ।

सेठी अध्यक्ष रहेको यस आदिनाथ दिगम्बर जैन मन्दिरको महासचिव राजेश जैन, कोषाध्यक्ष राजेश काला र सचिव संजय (गुड्डु) जैन हुन्। यस्तै सदस्यहरुमा प्रदीप जैन, अंकित सरावगी, राकेश जैन, संजय काला र प्रशान्त जैन रहेका छन्।

राजधानीको कमलपोखरीस्थित जैन मन्दिर नेपालभर एक मात्र श्री १००८ दिगम्बर आदिनाथ जैन मन्दिर रहेको पनि अध्यक्ष सुभाष जैनले बताए।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ असोज २०८१, मंगलबार
17 September 2024, Tuesday

## सम्पादकीय

# बेतिथि अन्त्यको अवसर

सहकारीमा बचत गरिएको रकम अपचलनबारे छानबीन गर्न गठित विशेष संसदीय समितिले प्रतिवेदन बुझाएको छ । सोमबार प्रतिनिधि सभाको बैठकमा संसदीय समितिका सभापति सूर्य थापाले प्रतिवेदन बुझाएका हुन् । थापाको नेतृत्वमा गत १५ जेठमा विशेष समिति गठन भएको थियो । यो समितिमा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरू सदस्य थिए । सात सदस्यीय समितिलाई तीन महिनाको अवधि दिइएको थियो । तर प्रतिवेदन लेख्न समय लाग्ने भनेर थप १५ दिनको समय थप गरिएको थियो । थप समयभित्रै संसदीय समितिले बुझाएको प्रतिवेदनमा सहकारीको बचत रकममा देखिएको अपचलनको समस्या हल गर्न अल्पकालीन तथा दीर्घकालीन सुझावहरू समावेश गरिएको सभापति थापाले संसद्लाई जानकारी दिएका छन् ।

संसद् अधिवेशनको अन्तिम दिन पेश भएको प्रतिवेदनको सुझाव तथा सिफारिसको निष्कर्ष नै सार्वजनिक भएको छ । सार्वजनिक भएको निष्कर्ष र सिफारिसमा रास्वपाका सभापति रवि लामिछानेको विषय चासोका साथ हेरिएको छ । विभिन्न सहकारीको ६५ करोड बढी रकम गोरखा मिडियामा आएको र उक्त रकम अपचलनमा रवि लामिछाने समेत दोषी रहेकाले कारबाहीको सिफारिस गरिएको छ । रवि लामिछानेसँगै जितेन्द्रबाबु राई, कुमार रम्तेल र छविलाल जोशीलाई कारबाही सिफारिस गरिएको छ । यो समिति गठनको पृष्ठभूमि नै रवि लामिछानेका कारणले तयार भएको थियो । कांग्रेसका सांसदहरूले रवि लामिछानेमाथि छानबीनको माग राखेर लामो समय संसद् अवरोध गरेका थिए । यसपछि संसद् अवरोध हटाउन संसदीय विशेष समिति गठन गरिएको थियो ।

संसदीय समिति गठनको उद्देश्य बमोजिम रवि लामिछानेमाथि छानबीन भएको छ, र कारबाही सिफारिस गरिएको छ । रवि लामिछाने सहित छानबीन गरिएका व्यक्तिहरू र सहकारीबारे कस्तो कारबाही हुन्छ भन्ने कुरा अब सरकारको हातमा गएको छ । किनकि संसदीय समितिले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्न सरकारलाई बुझाइएको छ । सोमबार संसद् बैठकबाटै सभामुख देवराज घिमिरेले प्रतिवेदन सरकारलाई बुझाएका छन् । तर रवि लामिछाने सहित सहकारी रकम अपचलन गर्ने केही व्यक्तिहरूमाथि कारबाहीमा मात्रै यो विषय टुंगिन हुँदैन । बरू देशका ३० हजार बढी सहकारीलाई व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्था र अरू प्रबन्धहरू गरिनुपर्छ । संसदीय समितिको सुझाव तथा सिफारिसका बुँदामा सुधार गरिनुपर्ने विषयहरू प्रष्ट समेटिएको छ ।

# असफल शिक्षा नीति

*डिग्री पढेकाहरू किन बेरोजगार छन् ? भन्नै पर्छ हामीकहाँ शिक्षा छ तर, सौन्दर्य छैन, संस्कार छैन, विद्या नै छैन, जसले नम्रता, पात्रता, भद्रता देओस्, सीप त छैन नै, सीप नहुँदा रोजगारी छैन ।*

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सरकारले यो वर्ष कक्षा १ मा छ लाख विद्यार्थी भर्ना गर्ने अभियान चलायो, तर विद्यालयमा विद्यार्थी टिकाउन सकिएको छैन । विद्यार्थी भर्ना अभियान जारी गरे पनि झन्डै पढ्ने उमेरका नौ लाख बालबालिकाहरू अहिले विद्यालयको पहुँचमा छैनन् । १० वर्षअघि कक्षा १ मा भर्ना भएका ११ लाख विद्यार्थीमा गत एसइईमा सम्मिलित हुने पाँच लाख मात्र भए । भर्ना नै ठुलो अभियान होइन, पढ्ने वातावरण भए खोजेर पनि विद्यालय जान सकिन्छ । अहिले विषयगत शिक्षकको कमी छ । हिमाल पहाडमा तराईका शिक्षक छन्, तराईमा पहाडका, अनि स्कुलैपिच्छे कोर्स फरक देखिन्छ । नक्कली प्रमाण पत्रहरू पनि त्यतिकै छन् । देशभक्तिभन्दा दल भक्तिको कोर्स छ । केही समयका लागि पाहुना शिक्षामन्त्री आए, शैक्षिक क्षेत्रलाई राजनीति मुक्ति गराउने भने, राजनीतिमा लागेका शिक्षकको जागिर चट् पार्ने कुरा आयो, तर मन्त्री फेरिएका छन् अहिले ।

परीक्षाको कापी काट्न पैसा पुगेन भनिएको थियो, पैसा नबढाए कापी नजाँच्ने पनि भनिएको थियो । हाम्रो पालामा शिक्षा व्यापार होइन सेवा थियो र सुका मोहरले एस ई ई को कापी परीक्षण गरिएको हो त्यो पनि पैसा लिन जाँदा कति धौधौ हुन्थ्यो । चारदेखि १४ वर्ष उमेर समूहका बालबालिकाहरू आठ लाख ५३ हजार शिक्षाको पहुँच बाहिर भएको एक तथ्याङ्कले देखाएको छ । जनगणना २०७८ मा यो उमेर समूहका बालबालिकाको संख्या ७५ लाख छ, यसमा साँढे आठ लाख बढी बालबालिका विद्यालय पहुँच बाहिर छन् । शिक्षा मन्त्रालयकै भनाइमा पनि चार वर्ष उमेर समूहका बालबालिकाहरू २४ लाख ३९ हजार दुई सयमध्ये बाल विकासमा १८:५ प्रतिशत र कक्षा १ देखि ५ सम्म पढ्ने उमेर समूहका ८:१ प्रतिशत बालबालिकाहरू विद्यालय पहुँच बाहिर छन् ।

यस्तै, कक्षा ६ देखि ८ सम्म ६:८ प्रतिशत र ९, १० कक्षा ७:४ प्रतिशत बालबालिकाहरू विद्यालयको पहुँचमा छैनन् । यो क्रम धेरै मधेस प्रदेशमा ४५ प्रतिशत बढी छ, लुम्बिनीमा १७ प्रतिशत, बागमतीमा ९:३ प्रतिशत, सुदूर पश्चिममा ६:७ प्रतिशत, गण्डकीमा ३:७ प्रतिशत, कर्णालीमा ४:३ प्रतिशत छ ।

४६ परिवर्तन पछि विद्यालयहरूको संख्या वृद्धि भएको छ, तर शिक्षाको गुणस्तरमा सुधार छैन । साबिकमा १५ हजार नौ सय विद्यालयहरू थिए, हालको संख्या हेर्दा ३६ हजारमाथि छ । यसमा सामुदायिक विद्यालय २८ हजार सात सय बढी र संस्थागत विद्यालयहरू सात हजार २२१ नाघेका छन् । गुरुकुल, मदरसा, गुम्बा विद्यालय एक हजारमाथिको संख्या छ । यता कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूमा भर्ना भएर छोड्नेको संख्या ४३ प्रतिशत बढी छ भने उच्च शिक्षामा केवल १५/२० प्रतिशत विद्यार्थीहरू मात्रै भर्ना हुने गरेका छन्, त्यसमा राजनीति धेरै छ ।

मासिक सवा लाख विद्यार्थीहरू विदेश भासिने गरेका छन् भने अर्बौं रकम पनि बाहिरिने गरेको छ । लोकतन्त्रको आगमन र यहाँ नेतृत्वको सत्ता लिप्सा र देशप्रति उदासीनताकै कारण तीव्ररूपमा प्रतिभा पलायन भएको छ । हाम्रो शिक्षाले सीप दिएन, रोजगारी दिएन । नैतिक र इमानदार नागरिक तय गर्न पनि सकेन । भाषा आयातित, संस्कृति र सभ्यता आयातित, संस्कार पनि आयातित गरायो । उत्पादित जनशक्तिले देश बोक्न सकेन ।

### एसइईकै कुरा

